Pragyan Volume : 8, Issue : 1, 2081, ISSN : 2661-6068
DOI: https://doi.org/10.3126/pragyan.v8i1.67658

# 'छिमेकी' कथामा आदर्शोन्मुख यथार्थवाद

**डा. एकनारायण पौड्याल**
**सहप्राध्यापक**
**बीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर**
**enpaudyal@gmail.com**

**लेखसार**

*यस अनुसन्धानात्मक लेखमा नेपाली साहित्यमा कथाकारका रूपमा परिचित गुरुप्रसाद मैनालीद्वारा लिखित छिमेकी कथाको आदर्शोन्मुख यथार्थवादका आधारमा अध्ययन गरिएको छ । प्रस्तुत कथा आदर्शोन्मुख यथार्थवादका दृष्टिले हेर्दा केकस्तो देखिन्छ भन्ने मुख्य समस्या र सोही समस्याको समाधानमा केन्द्रित छ । प्रस्तुत कथा अध्ययनका लागि प्राथमिक तथा द्वितीयक सामग्री प्रयोग गरिएको छ । चयनित कथा नासोमा सङ्गृहीत भएका कारण सो कथासङ्ग्रह प्राथमिक सामग्रीका रूपमा रहेको छ भने आदर्शोन्मुख यथार्थवाद र कथाकार गुरुप्रसाद मैनालीका सम्बन्धमा उल्लेख भएका सामग्री द्वितीयक स्रोतसामग्रीका रूपमा रहेका छन् । गुणात्मक प्रकृतिको यस अध्ययनमा व्याख्यात्मक र विश्लेषणात्मक विधि अवलम्बन गरिएको छ । कथाको अध्ययनपश्चात् प्रस्तुत कथा आदर्शोन्मुख यथार्थवादी मान्यताका आधारमा लेखिएको र यसले तत्कालीन नेपाली समाजको यथार्थ चित्र प्रस्तुत गर्नाका अतिरिक्त आदर्शवादी सन्देश दिएको ठहर गरिएको छ । सारतः विश्लेषित कथामा खासगरी पहाडिया ग्रामीण समाजको यथातथ्य चित्रण पाइनाका साथै सामाजिक यथार्थलाई आदर्शीकरण गरी देखाइएकाले कथा आदर्शोन्मुख यथार्थवादी बन्नपुगेको निष्कर्ष निकालिएको छ ।*

**शब्दकुञ्जी :** आदर्शोन्मुख, छिमेकी, नासो, यथार्थवाद, स्वच्छन्दतावाद ।

## विषयपरिचय

गुरुप्रसाद मैनाली (१९५७-२०२८) नेपाली साहित्यमा कथाकारका रूपमा सुपरिचित छन् । उनी नेपाली साहित्यमा आधुनिकता भित्र्याउने मुख्य कथाकार हुन् । उनको हालसम्म *नासो* (२०२०) शीर्षकको एउटा मात्र कथासङ्ग्रह प्रकाशनमा आएको छ । यसमा एघारवटा कथाहरू सङ्गृहीत छन् । यिनमा मैनालीले परिवारभित्रका विविधखाले समस्या र ग्रामीण तथा सहरिया समाजका असल एवं खराब पक्षको चित्रण गरेका

छन् । यसैले उनका कथा यथार्थवादी छन् । यसका साथै कुनै न कुनै पात्रका आदर्शव्यवहारबाट कथाको समाप्ति गरेका कारण उनका कथा यथार्थवादी मात्र नभई आदर्शोन्मुख यथार्थवादी रहेका छन् । उनका कथा सङ्ख्याका दृष्टिले धेरै नभए पनि जेजति छन् ती आख्यानीकरणका दृष्टिले सबल छन् अनि भाषाशैलीका दृष्टिले सरल र रोचक छन् । समाजका विभिन्न विषयक्षेत्रका वास्तविकतालाई जस्ताको तस्तै रूपमा उतारिएका कारण कथाहरू वास्तविक घटनाजस्ता लाग्दछन् । उनका कथामा समाजका असङ्गत वा असमझदारी अथवा बेमेलको वातावरण सिर्जना गर्ने पात्रलाई घुमाई-फिराई आफ्नो त्रुटि सच्याउन लगाएर आदर्श समाज स्थापना गर्न खोजेको पाइन्छ । यो उनको मौलिकपन हो । 'छिमेकी' मैनालीका यिनै विशेषताले युक्त कथा हो । यथार्थवादी र आदर्शवादी मान्यतालाई आधार बनाएर लेखे पनि आदर्शवादमा जोड दिएर लेखिएको उत्कृष्ट कथा हो ।

प्रस्तुत अनुसन्धानमा 'छिमेकी' कथालाई आदर्शोन्मुख यथार्थवादका मान्यतालाई आधार बनाएर अध्ययन गर्न लागिएकाले 'छिमेकी' कथा आदर्शोन्मुख यथार्थवादका दृष्टिले केकस्तो छ भन्ने जिज्ञासा नै यस अनुसन्धानको मुख्य समस्या रहेको छ भने कथा यथार्थवादी हुँदाहुँदै पनि आदर्शतिर उन्मुख छ भन्ने कुराको निरूपण गर्नु यसको मुख्य उद्देश्य रहेको छ । आदर्शोन्मुख यथार्थवादका दृष्टिले प्रस्तुत कथा उत्कृष्ट भए पनि यस आधारमा अध्ययन नभएका कारण सोही रिक्तता पूर्तिका लागि यो विषयशीर्षक चयन गरिएको हो ।

## अध्ययनविधि

प्रस्तुत अनुसन्धानमा प्राथमिक एवं द्वितीयक स्रोतका सामग्री प्रयोग गरिएको छ । गृहीत सामग्रीहरूमध्ये *नासो* कथासङ्ग्रह प्राथमिक सामग्रीका रूपमा रहेको छ भने सामाजिक यथार्थवाद र यससँग जोडिएर आउने अन्य सैद्धान्तिक पक्षसँग सम्बन्धित सामग्री द्वितीयक स्रोतसामग्रीका रूपमा रहेका छन् । गुणात्मक प्रकृतिको यस अध्ययनमा व्याख्यात्मक तथा विश्लेषणात्मक विधि अपनाइएको छ साथै आवश्यकतानुसार निगमनात्मक तथा आगमनात्मक विधि पनि अवलम्बन गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

दर्शनका साथै साहित्यका क्षेत्रमा पनि विभिन्न प्रकारका वाद (इज्म) प्रचलित छन् । साहित्यका क्षेत्रमा चर्चा र प्रयोग हुँदै आएका वादअन्तर्गत परिष्कारवाद, स्वच्छन्दतावाद, आदर्शवाद, यथार्थवाद, प्रतीकवाद, विसङ्गतिवाद, अस्तित्ववाद, नारीवाद, विनिर्माणवाद आदि पर्दछन् । यिनीहरूमध्ये यथार्थवाद (रियलिज्म) पनि एक मुख्य वाद हो । साहित्यका सन्दर्भमा यथार्थवाद भन्नाले जीवन र जगत्को वस्तुपक्ष जस्तो छ त्यस्तै रूपमा चित्रण गर्ने मान्यता वा सिद्धान्त भन्ने बुझिन्छ (जोशी, २०६६, पृ.३५) । यसले व्यक्ति एवं समाजका असल वा खराब जुनसुकै कुरालाई पनि यथातथ्य रूपमा प्रस्तुत गर्नुपर्ने मान्यता राख्दछ । स्वच्छन्दतावादका विपरीततामा उदाएको यस वादले समाजचित्रणमा जोड दिने हुँदा यसलाई सामाजिक यथार्थवाद पनि भनिन्छ । यथार्थवाद भन्नाले सामान्यतया समाजशास्त्रीय चिन्तनद्वारा प्रभावित सामाजिक यथार्थवाद भन्ने नै बुझिन्छ र विकसित हुँदै आउँदा अहिले यो (यथार्थवाद) समाजवादी यथार्थवाद, ऐतिहासिक यथार्थवाद, आलोचनात्मक यथार्थवाद, विवेचनात्मक यथार्थवादजस्ता विभिन्न शाखामा विभाजित छ (जोशी, २०६६, पृ.३६) । यसका साथै 'यथार्थ' सांसारिक वा बाह्य र मानसिक वा आन्तरिक गरी दुई प्रकारको हुने हुँदा मनको विषयलाई पनि मनोवैज्ञानिक यथार्थवाद भनी यथार्थवादकै प्रकारभित्र समेटिएको पाइन्छ (शर्मा र लुइटेल, २०६१,

पृ.३००) । यसका जादुगरीय यथार्थवादजस्ता अन्य भेदहरू पनि पाइन्छन् । तिनै भेदहरूमध्ये आदर्शोन्मुख यथार्थवाद एक मुख्य भेद हो ।

यथार्थवाद र आदर्शवाद दुई फरक किसिमका सिद्धान्त हुन् तापनि कहिलेकाहीँ मात्रात्मक कमबेसीका साथ यी दुवै वाद एउटै रचनामा पनि देखिन्छन् । सामान्यतया साहित्यमा यथार्थवाद आदर्शवादको विरोधी मानिन्छ किनभने आदर्शवादी साहित्यले जेजस्तो हुनुपर्दछ त्यस्तो कुरा देखाउँछ भने यथार्थवादी साहित्यले जेजस्तो छ त्यसलाई सोही रूपमा नै देखाउँछ । यसर्थ यथार्थवाद आदर्शवादको विरोधीजस्तो देखिन्छ तापनि कहिलेकाहीँ यो आदर्शवादतिर पनि उन्मुख रहन्छ र त्यतिखेर यसलाई आदर्शोन्मुख यथार्थवाद भनिन्छ (जोशी, २०६६, पृ.४७-४९) । सामाजिक व्यवहारसँग सम्बन्धित भएकाले यसलाई अझ आदर्शोन्मुख सामाजिक यथार्थवाद भन्न उपयुक्त हुन्छ । यो मूलतः यथार्थवादी प्रकृतिको भएकाले यसलाई यथार्थोन्मुख आदर्शवाद नभनेर आदर्शोन्मुख यथार्थवाद वा आदर्शोन्मुख सामाजिक यथार्थवाद भनिन्छ । यसखाले साहित्यको विशेषता भनेको जीवन र जगत्बारे यथार्थ जानकारी गराई आदर्शतिर उन्मुख हुनु हो । सामाजिक यथार्थवादका आदर्शोन्मुख सामाजिक यथार्थवाद र ऐतिहासिक यथार्थवाद गरी दुई रूप हुने कुरा बताउँदै आदर्शोन्मुख सामाजिक यथार्थवादलाई यसरी चिनाइएको पाइन्छ :

> आदर्शोन्मुख सामाजिक यथार्थवाद यथार्थमा अवलम्बित भएर त्यसैको सांस्कृतिक परिष्कारका निम्ति आदर्शलाई आह्वान गर्ने एउटा साहित्यिक मान्यता हो । जहाँ विशुद्ध आदर्शवादी लेखकहरू सुन्दरै सुन्दरको युटोपिया (आदर्श संसार) तयार पार्दछन्, आदर्शोन्मुख यथार्थवादी लेखकहरू यस्ता कार्यहरूलाई पूरै कलागत अनीति ठान्दछन् । तिनीहरू त ठान्दछन्- असुन्दर वा पाशविक प्रवृत्तिलाई पनि सत्य मान्नुपर्दछ । हो, समाज रोगमुक्त छैन, समस्याहीन छैन, त्यसैले निराशा, कुण्ठा आदि समाजमा सर्वत्र व्याप्त छ । तर यी सबै सत्यहरूबाट निवृत्त भई जीवनलाई सुन्दर बनाउन सकिँदैन ? समाजलाई लागेको रोगको उपचार छैन ? यस संसारमा बाँच्नका लागि कतै उज्यालो छैन ? आदर्शोन्मुख यथार्थवादी लेखकहरू यस्ता प्रश्नहरूप्रति सकारात्मक बन्दै आदर्शलाई समस्याको निराकरण ठान्दछन् । त्यसैले के भन्न सकिन्छ भने यो एउटा यस्तो यथार्थवाद हो जसले जीवनलाई यथावत् रूपमा चित्रण गरी अन्ततोगत्वा त्यसलाई आदर्शको आवरण ओढाइदिन्छ । (श्रेष्ठ, २०७०, पृ.५०)

माथि भनिएझैँ यथार्थवादसँग आउने आदर्शवाद विशुद्ध आदर्शवाद होइन अनि यथार्थवाद पनि विशुद्ध यथार्थवाद होइन । अतः यस वादले आदर्शवादले जस्तो समाजमा सबै कुरा राम्रो मात्र हुनुपर्दछ भन्ने मान्यता पनि राख्दैन र यर्थाथवादले जस्तो सबै कुरालाई जस्ताको त्यस्तै चित्रण गरेर देखाउनुपर्दछ भन्ने मात्र पनि मान्यता राख्दैन । यसले यथार्थबोध गराइसकेपछि त्यसभित्र केही खराबी वा कमजोरी छन् भने तिनलाई त्यसै नछोडी सुधारको अपेक्षा गर्दछ । यसकारण आदर्शोन्मुख यथार्थवादी रचनामा व्यक्ति वा समाजको यथातथ्य चित्रण गरिसकेपछि यदि कुनै किसिमका कमीकमजोरी देखिएका छन् भने तिनलाई निराकरण गर्न सकिन्छ भन्ने विश्वासका साथ यस्तो हुनुपर्दछ भन्ने आदर्शवादी सन्देश दिइएको हुन्छ । "यसमा आदर्श समाजको कल्पना गरिएको हुन्छ" (बराल र एटम, २०५६, पृ.५८) । यसैले सिर्जनालाई समाज जस्तो छ त्यस्तैमा समाप्त नगरी यस्तो हुनुपर्दछ भन्ने आदर्शका साथ समाप्त गरिन्छ । सिर्जनामा धेरै स्थान यथार्थले लिए पनि आदर्श मुख्य भएर आएको हुन्छ । उदाहरणका लागि नेपाली साहित्यमा गुरुप्रसाद मैनालीलाई लिन सकिन्छ ।

मैनालीका कथा ग्रामीण जीवनका यथार्थवादी कथा हुन् तापनि उनका कथाको मूल उद्देश्य के छ भन्ने नभई के हुनुपर्दछ भन्ने रहेको हुन्छ (शर्मा, २०५९, पृ.१६१) यसैले मैनाली सामाजिक यथार्थवादी हुँदाहुँदै पनि आदर्शोन्मुख यथार्थवादी कथाकार हुन् ।

सैद्धान्तिक दृष्टिले हेर्दा आदर्शवाद र यथार्थवाद जीवनजगत्लाई हेर्ने दुई भिन्न भिन्न दृष्टिकोण भए पनि यथार्थविनाको आदर्श र आदर्श नभएको यथार्थ सम्भव नहुने हुँदा यी एकअर्काका पूरकका रूपमा देखिन्छन् (प्रधान, २०५२, पृ.७५) । अतः नेपाली कथामा पनि आदर्शवाद र यथार्थवाद आपसमा पूरकका रूपमा आएका छन् । "पश्चिमी साहित्यमा स्वच्छन्दतावादी आदर्शवादका विरोधमा यथार्थवादको जन्म भएको भए पनि आधुनिक नेपाली कथा-साहित्यमा यसले आदर्शसँग सम्झौता गरी मौलिक स्वरूप प्राप्त गरेको छ । नेपाली कथामा रुखो यथार्थ पाइँदैन" (शर्मा, २०५९, पृ.९१) । नेपाली साहित्यमा यसरी यी दुवै धारालाई सँगै हिँडाउने कथाकार गुरुप्रसाद मैनाली हुन् । मैनाली आदर्शोन्मुख यथार्थवादी धाराका आरम्भकर्ता मात्र नभई मुख्य स्रष्टा भएकाले प्रस्तुत अध्ययनमा आदर्शोन्मुख यथार्थवादी धारालाई आधार बनाएर 'छिमेकी' कथाको अध्ययन गरिएको छ ।

## छिमेकी कथाको विश्लेषण

'छिमेकी' कथामा पहाडिया ग्रामीण क्षेत्रमा बस्ने निम्नवर्गीय कृषकहरूको मनोसामाजिक र व्यावहारिक जीवनलाई मार्मिक रूपमा प्रस्तुत गरिएको छ । कथा थालनीदेखि मध्यभागसम्म यथार्थवादी छ भने अन्त्यभाग आदर्शवादी रहेको छ । यसकारण कथा विशुद्ध यथार्थवादी छैन र विशुद्ध आदर्शवादी पनि छैन । सामाजिक यथार्थलाई आदर्शीकरण गरी प्रस्तुत गर्नु मैनालीको कथालेखनगत विशेषता (गौतम र अधिकारी, २०६९, पृ.५७) भएका कारण छिमेकी कथामा पनि उक्त दुवै वादको समान उपस्थिति रहेको छ ।

तत्कालीन नेपाली समाज मूलतः परम्परावादी धार्मिक मान्यताबाट प्रभावित भएकाले सहिष्णुता, धैर्य, क्षमा, दान र परोपकारजस्ता कुराहरूलाई समाजले आदर्श मान्दथ्यो र सोही कारणले नेपाली कथामा यथार्थवादभित्र आदर्शवादले स्थान पाएको हो साथै आदर्शोन्मुख यथार्थवादी धाराका अग्रणी कथाकार गुरुप्रसाद मैनाली गान्धीवादी जीवनदर्शन, संस्कृत साहित्यमा पाइने आदर्शवादी उद्देश्य र भारतीय लेखकहरू जस्तै- प्रेमचन्द, शरच्चन्द्र चट्टोपाध्याय आदिका आदर्शोन्मुख प्रवृत्तिबाट प्रभावित भएका कारण नेपाली कथामा यथार्थवादमा आदर्शले पनि स्थान पाएको हो (श्रेष्ठ, २०७०, पृ.६७) । छिमेकीमा पनि मैनालीको त्यस प्रवृत्तिको छाप टड्कारो रूपमा देखिएको छ । अतः यहाँ छिमेकी कथालाई सामाजिक यथार्थवादी (यथार्थवादी) पक्ष र आदर्शोन्मुख यथार्थवादी (आदर्शवादी) पक्ष भनी दुई प्रकारमा वर्गीकरण गरी अध्ययन गरिएको छ । प्रस्तुत कथाका सन्दर्भमा आदर्शोन्मुख यथार्थवादी भन्दा स्वतः आदर्शोन्मुख सामाजिक यथार्थवादी भन्ने बुझिने भएकाले छोटकरीमा आदर्शोन्मुख यथार्थवादी भनिएको छ ।

### सामाजिक यथार्थवादी पक्ष

छिमेकी कथाको विषयवस्तु असारे रोपाइँको प्रसङ्गसँगै सुरु भएको छ । कथाको स्थानिक परिवेश स्पष्ट रूपमा उल्लेख नभए पनि चित्रित विषयका आधारमा हेर्दा पहाडको ग्रामीण क्षेत्र हो भन्ने कुरा स्पष्ट हुन्छ । समयगत परिवेश असारदेखि भदौसम्म रहेको छ । यसबिच कार्यकारण शृङ्खलामा घटेका घटनाले कथानकलाई अगाडि बढाएका छन् ।

कथाअनुसार असारको महिना भएकाले रोपाइँको माचो छ । खेतालाहरू दिउँसोको खाजा खान लागेका छन् । विश्राम गर्ने र खाजा खाने ठाउँ आशामरु साहुको हिउँदेपसलनजिकै छ । बिचमा कुलो छ । कुलामाथि चौतारो र कुलामुनि उनै साहुको पसल छ । त्यसदेखि तल रोपाइँ भइरहेको ज्यामिरेबेँसीको फाँट छ । खाजा खान विश्राम गरेका कतिपय किसानहरू तमाखु किनेर सल्काउँदै छन् भने धर्मानन्द पाध्ये चौतारामा बसेर गफ चुट्दै छन् । गुमाने घर्ती हत्केलामा मुन्टो अड्याएर ढुङ्गामाथि आराम गरिरहेका छन् भने धनजीते भोटे पसलका डिलमा बसेर घुम बुन्न लागेका छन् । यसैबिच गुमानेका गोरु धनजीतेका बिउमा पस्दछन् । आजभोलि रोप्न तयार भएको बिउमा गोरु पसेको देखेपछि बुन्न लागेको घुम भुइँमा मिल्काएर रिसले आगो भएका धनजीतेले गोरुलाई लगारी लगारी पिट्न थाल्दछन् । यता गुमानेमा पनि रिसको सिमाना रहँदैन किनभने एकातिर दिनभर जोत्नुपर्ने गोरु अर्कातिर त्यति नोक्सान पनि पुऱ्याएका थिएनन् । उनले बसेका ठाउँबाट जुरुक्क उठेर आक्रोशित हुँदै भने-“बीउ नोक्सान गरेको छ भने अर्मल ले, असारका गोरु किन कुट्छस् ए धनजीते” (पृ.१३) ! आजभोलि नै रोप्नुपर्ने बिउको अर्मल तिर्ने कुरा सुनेर धनजीतेलाई पनि खपिनसक्नु भयो किनभने यतिबेला क्षतिको अर्मल तिरेर मात्र क्षतिपूर्ति हुन सक्दैन । उनले पाखुरा सुर्कँदै भने-“तेरा डाम्ना छाडा गरेर असारको बीउ चराउँछस्, अझ अर्मलको धाक लगाउँछस्, गुमाने चोर” (पृ.१३) । धर्मानन्दले गुमानेको पक्ष लिई उसलाई उचालेपछि उनी पनि भनाभनबाट अगाडि बढे र हात हालाहालका स्थितिमा पुगे । धनजीतेले गुमानेलाई कुलामा पछारे । बदला लिन गुमाने धनजीतेमाथि जाइलाग्दा धर्मानन्दले रोके । धनजीतेको बलका अघि गुमाने अलि हच्केका थिए । अब दुवै जना टाढा टाढा बसेर एकअर्काका पोल खोलाखोल गर्न थाले । यस क्रममा गुमानेले धनजीतेलाई भने-“बाबुले धुलीखेलेको भारी चोऱ्यो र तीन दिनसम्म छिंडीमा जाकेथ्यो, ठूलो हुन्छस्” (पृ.१३) ! धनजीतेले पनि गुमानेतिर फर्कँदै भने-“काउले भन्ज्याङमा आरुघाटे नेवारको सुर्तीको ढाकर चोर्दा मानवीरे द्वारेले गोर्खेलौरी कसेर चउरमा लडाएको कसको बाबुलाई नि ? गम्कन्छस्” (पृ.१३) ! साँझ परेपछि दुवै जना बाझ्दै उकालो लागे । त्यस दिनदेखि दुवै जनाको बोलचाल बन्द भयो ।

बोलचाल बन्द भएको लगभग तीन महिनापछि भदौका आधाआधीतिर गाउँमा आँठे आयो र धेरैको ज्यानै लियो । गुमानेका विचारमा यो सबै अनिष्ट देवीदेवताको भाउ नगरेर भएको हो । रोग भगाउनका लागि गुमानेले घरमा जान्ने बसाए । जान्नेले महामारी फैलनुमा देवीको दोष रहेको बताए । गाउँका सारा मानिस जम्मा भएर देवीको धुमधामका साथ पूजा गरे तर करेसो जोडिएका धनजीते आएनन् । देवीको पूजा गरे पनि आँठेले छोडेन । पूजा गरेका पर्सिपल्ट गुमानेकी श्रीमतीलाई समात्यो । यतिबेला पनि धनजीते गुमानेकहाँ आएनन् । गुमानेकी श्रीमती धन्न बाँच्न सफल भइन् । आँठे अब गुमानेकहाँबाट धनजीतेकहाँ सऱ्यो । आँठेले पहिला धनजीतेलाई समात्यो । उनी ठिक नहुँदै उनकी श्रीमतीलाई समात्यो । दुवै जना बिरामी भएपछि उनीहरूलाई पानीसम्म खान दिने मानिस भएनन् । गाउँमा सबैलाई आँठेले सोतर बनाएको छ । मानिसको हेरचाह गर्ने व्यक्तिको त अभाव छभने गाईबाखाको स्याहार सुसार कसले गरिदिने ! खोर-गोठबाट फोएर पाखातिर लगाइदिने पनि कोही भएनन् । धनजीते ज्वरोका तोडले बरबराउन लागेका थिए । बस्तुभाउको मात्र समस्या होइन, धनजीते र उनकी श्रीमतीको समेत ज्यानै जाने अवस्था आएको छ ।

यहाँसम्म कथा सामाजिक यथार्थवादी देखिएको छ । उपर्युल्लिखित विषयप्रसङ्गले पहाडी क्षेत्रमा बस्ने, कृषिकर्ममा लागेका र निम्न आय भएका व्यक्तिहरूको सामाजिक जीवनबारे धेरै कुरा बताएको छ । कथामा

सामाजिक यथार्थसँग सम्बन्धित मुख्य घटनाप्रसङ्ग यसप्रकार रहेका देखिन्छन् : असारमा रोपाइँ गर्ने चलन हुनु, एकै ठाउँमा जम्मा भएर खेतालाहरूले दिउँसोको खाजा खानु, विश्रामका लागि ठाउँ ठाउँमा चौतारो हुनु, सिँचाइको माध्यम कुलो हुनु, तमाखु खानु, बाटाका किनारमा सानोतिनो पसल हुनु र पसल प्रायः नेवारजातिले सञ्चालन गर्नु, आपसमा ख्यालठट्टा गर्नु, झगडा हुँदा कुनै एक पक्षलाई उक्साउनु, घुम बुन्नु, कामका बेला खाली जमिनमा जस्तोसुकै असजिलो ठाउँ भए पनि विश्राम गर्नु, गोरुले जोत्नु, अरूका बस्तुभाउले आफ्नो खेतीबाली नोक्सान पुऱ्याइदिँदा रिस उठ्नु र रिसका समयमा छिमेकी वा आफन्त नै भए पनि भन्ने-नभन्ने कुरा भन्नु अनि हात हालाहाल नै गर्नु, झगडा भएपछि एउटै आँगन भएका छिमेकी भए पनि आगो बाराबार गर्नु, नबोल्नु र अझ बिरामी हुँदासमेत कुनै चासो नदिनु, गाउँमा कुनै किसिमको रोग फैलिँदा त्यसलाई देवीदेवता रिसाएर हो भन्ने ठान्नु, गाउँघरमा पशुचौपाया पाल्नु, अस्पतालको अभाव हुनु, हेराउने र फुकफाक गर्ने कुरामा विश्वास गर्नु इत्यादि ।

यसरी कथाले हाम्रो समाजका बहुविध चरित्र र चलनलाई यथार्थ रूपमा प्रस्तुत गरेको छ । यहाँ धर्मानन्द गाउँका एकमात्र पढेलेखेका बुज्रुक पात्रका रूपमा देखिन्छन् । आफूमात्र गाउँको टाठोबाठो भएकामा उनमा घमण्ड छ । उनको स्वभाव अरूलाई नचाहिँदा कुरामा उक्साउने र ख्यालठट्टा गर्ने किसिमको पनि छ । अतः उनी समाजका हुनेखाने, पढेलेखेका र खराब व्यक्तिका प्रतिनिधि पात्र हुन् । यथार्थमा त्यस समयमा गाउँघरमा सामान्य पढेलेखेका व्यक्ति भेट्टाउन मुस्किल थियो । धर्मानन्दमार्फत लेखकले सोही वास्तविकतालाई देखाएका छन् । गुमाने र धनजीतेको घरआँगन जोडिएको छ । उनीहरूका बिच पहिला कुनै किसिमको वैरभाव थिएन तर गुमानेका गोरुले रोप्ने बेला भएको बिउ खाइदिएपछि सुरु भएको झगडा कुटाकुट र बोलचाल बन्द हुने अवस्थासम्म पुग्दछ । यो गाउँघरमा सधैँ भइरहने घटना हो । कथामा आएका गुमाने र धनजीते समाजका तिनै गरिब, अशिक्षित र झगडालु व्यक्तिका प्रतिनिधि पात्र हुन् । कथामा वर्णित यस्तै प्रकारका व्यवहार र स्वभावजन्य वातावरणबाट नेपाली ग्रामीण समाज कस्तो छ भन्ने कुरा सहजै बुझ्न सकिन्छ । यसकारण कथा मध्यभागसम्म यथार्थवादी वा सामाजिक यथार्थवादी देखिन्छ ।

### आदर्शोन्मुख यथार्थवादी पक्ष

माथि उल्लेख गरिसकिएको छ कि गुमानेका घरमा जान्ने बसाउँदा र उनकी श्रीमती बिरामी हुँदासमेत छिमेकी धनजीते उनका घरमा जाँदैनन् । त्यसपछि धनजीते र उनकी श्रीमती बिरामी भई उनीहरूका गाईबाखा किलाका किलै टट्टिएर मर्न लाग्दा गाउँ नै आँठिले सोत्तर भएका कारण उनीहरूको हेरविचार गर्ने कोही हुँदैनन् । यहाँसम्म कथा यथार्थवादी देखिन्छ भने यसपछिका घटनाप्रसङ्ग र परिवेशले कथालाई आदर्शोन्मुख यथार्थवादी रूप दिएको छ ।

कथाका अनुसार छिमेकी धनजीतेका घरमा लोग्नेस्वानी नै ओछ्यान परे पनि पहिला त गुमानेले रोपाइँका बेला धनजीतेले गोरु र आँफूमाथि गरेको व्यवहार सम्झेर साथै तीनचार दिन अघिसम्म उनले देखाएको व्यवहारका कारण शत्रुको मुख हेर्दिन भनेका थिए तर जब लोग्नेस्वानी दुवैजना इन्तु न चिन्तु भई लडे तब उनी धनजीतेजस्तो कठोर मनको भई बस्न सकेनन् । उनले मनमनै विचार गरे :

> यस्तै दैव लाग्छ र पो छरछिमेकी खोज्नु परेको, नत्र ओढारमा गएर बसे पनि त भो नि; जहाँ पनि बस्नै न हो । दिन-दशा, आपत-विपत कसलाई पर्दैन ? बलको तुजुक थियो, मलाई सधैँ यत्तिकै पुग्छ

भनेर घमण्ड गर्थ्यो, परमेश्वरले घमण्ड तोडे । बैगुनीलाई गुनले मार्नु भन्छन्, एउटै नगरमा बढेर यो उमेर भो, दौतर हो, यस्तो आपतमा पनि देखेको नदेख्यै गरे पाप लाग्दैन ? (पृ.१५)

यस्तो विचारपछि उनी धनजीतेका घरमा गई गाईबाखा फोएर पाखातिर लगाइदिन्छन् र मुढो लडेझैँ लडेका धनजीतेका सबै कपडा फेरिदिएर एकछिन नछोडी सेवा गरेर बस्छन् । यसैबिच पसलका लागि बर्खे मालताल ल्याइदिन भन्नका लागि एकाबिहानै आशामरु साहु आइपुग्छन् । गुमानेले धनजीतेको यस्तो अवस्था छोडेर भारी खेप्न जान नसक्ने कुरा बताएपछि साहुले दिनदिनैको पैसा दिने लोभ देखाउँछन् । गुमानेले मानवताका अगाडि धनलाई तुच्छ सम्झँदै साहुलाई यस्तो उत्तर दिन्छन् :

> के रुपियाँको लोभ देखाउँछौ साहू, गरीब छु, निमेक-मजुरीले छाक टार्नुपर्छ तापनि पैसाको निम्ति आत्मा बेच्ने त्यति सारो नीच भएको छैन । छिमेकीलाई 'जिउँदाको जन्ती, मर्दाको मलामी' भन्छन् । यस्ता बेलामा चटक्क छोडेर भारी खेप्न हिंडे मर्दैन ? तिमी त ठमठमती छौ र रुपियाँको धाक देखाउँछौ; धनजीतेका झैं चार दिन अन्न न पानी भएर लड्नुपरे थाहा पाउने थियौ । (पृ.१५)

आफ्नै पसलअगाडि कुलामा पछारेर धन्नै मारेको देखेका र दुवैका बिच सम्बन्ध बिग्रेको थाहा पाएका साहुले गुमानेबाट यसरी धनजीतेका पक्षमा वकालत गरेको सुनेर भन्दछन् कि अस्ति धन्नै मारेको थियो, अझै छिमेकी छिमेकी भन्छस्, पछि थाहा पाउलास् । आफ्नो विचारप्रति दृढ रहँदै गुमानेले साहुलाई फेरि यसो भन्छन् :

> यस्तै हो, मैले पनि सहेर बसिदिएको भए किन झगडा हुन्थ्यो ? एउटै सिरान गरेर सुतेपछि कहिलेकाहीँ गोडा लाग्छ नाइँ, झगडा भो भन्दैमा धर्म छाड्नु हुन्छ ? आफूले साँचो मनले उपकार गरेपछि उसका आत्माले पनि गर्न कर लाउँछ । अमृत रोपेको ठाउँमा विष फलेको कतै सुनेका छौ ? माटाको भर ढुङ्गो ढुङ्गाको भर माटो, संसार भरै भरमा अडेको छ । यो भरको ताँदो छिन्नेबित्तिकै सबै भताभुङ्ग हुन्छ । (पृ.१५)

यसरी गुमाने र आशामरु साहुका बिच भएको कुराकानीबाट धनजीतेको आँखा खुल्दछ । धेरै समयपछि यसरी आँखा खोलेको देखेर गुमानेले तिमीलाई कस्तो छ भनी सोधे । उनले आफ्नै लवजमा म त मर्छु होला, तँ कहिले आइस् भनेर सोधे । उत्तरमा गुमानेले भने- "पाँच दिन भो दाइ, तिमीहरू दुवै लोग्नेस्वास्नी लडिहाल्यौ । गाईबाखा भोकभोकै कराउन थाले; बिजोग हेर्न सकिनँ, दौडेर आएँ । तिम्रोजस्तो ढुङ्गाको मन म कहाँ पाऊँ" (पृ.१६) ! यो सुनेपछि धनजीतेलाई पश्चाताप भयो र उनले भने- "पोलेको घाउमा नून ना छार् कान्जा, मो आधाम हो, क्षामा गर्" (पृ.१६) । केही समयपछि धनजीतेलाई निको भयो । उनले गुमानेलाई एकछिन पनि नछोड्ने भए । वन वा मेलापात जहाँ जाँदा पनि दुवैजना सँगै जान थाले । कसैले गुमानेको कुरा काटेको सुने भने धनजीते त्यससँग झगडा गर्न तम्सन्थे । यसरी कथाको विषयवस्तु टुङ्गिएको छ ।

प्रस्तुत विषयप्रसङ्गबाट कथा आदर्शवादी भएको पुष्टि हुन्छ । धनजीते र उनकी श्रीमती आँठेका कारण इन्तु न चिन्तु भई ओछ्यान पर्नु, शत्रुको मुख हेर्दिन भने पनि गुमानेको मन तत्काल परिवर्तन भई बैगुनीलाई गुनले मार्ने विचार गर्नु र तत्काल बैगुनी धनजीतेका घर पुगी उनको र गाईबाखाको समेत ख्याल

गर्नु, मानवसेवाका अगाडि धन तुच्छ भएको धारणा राख्दै आशामरु साहुलाई मुखभरिको जबाफ दिनु, गोरुले बिउ खाएका विषयमा झगडा हुँदा त्यसको दोषी आफू पनि भएको महसुस गर्नु, गुमानेको सेवाका कारण सन्चो हुन लागेका धनजीतेले आफूले छिमेकीको कर्तव्य पूरा नगरेको तर गुमानेले यसरी छिमेकीको कर्तव्य सम्झेर आफूलाई सेवा गरेकामा उनीसँग क्षमा माग्नु र त्यस दिनदेखि धनजीतेले गुमानेको साथ नछोड्नु र प्रशंसा गर्दै हिँड्नु आदि कथामा आएका आदर्शवादी मुख्य घटना हुन् ।

शत्रुको मुख हेर्दिन भन्नु गुमानेको यथार्थवादी विचार हो भने छिमेकमा ओछ्यान परेका बेला यसरी कर्तव्य बिर्सनु पाप हो भनी धनजीतेको सेवा गर्न जानु गुमानेको आदर्शवादी विचार र व्यवहार पनि हो । त्यसैले कथा गुमानेको सोही विचारसँगै आदर्शवादी बनेको छ । आशामरु साहुले गुमानेलाई भनेका कुरा यथार्थ हुन् तर छिमेक यथार्थले मात्र चल्दैन भन्ने विचार गरी गुमानेले आशामरु साहुसँग भनेका कुरा आदर्शवादी हुन् । यसअघि आफूले गरेका सबै काम र लिएका विचार गलत भएको महसुस गरी गुमानेको प्रशंसा गर्दै हिँड्नु र एकछिन पनि साथ नछोड्नु पनि धनजीतेको आदर्शवादी व्यवहार हो । गुमानेका कारण धनजीतेमा समेत सकारात्मक परिवर्तन आई समाजका दुई छिमेकी नमुना बनेका कारण कथा पूर्ण रूपमा आदर्शवादी बनेको छ । कथालाई आदर्शवादी रूप दिनमा मुखपात्र गुमानेको अहं भूमिका रहेको छ भने आफूलाई परिवर्तन गरी आदर्शवादी बनेका कारण धनजीते पनि यस दृष्टिले महत्त्वपूर्ण पात्र हुन् । यसरी गुमाने र धनजीतेका पछिल्ला विचार र व्यवहारसँगै कथाले आदर्शोन्मुख यथार्थवादी रूप लिएको छ। नेपाली कथाविधाका क्षेत्रमा यस धाराका दृष्टिले 'छिमेकी' एक उल्लेखनीय कथाका रूपमा रहेको देखिन्छ ।

## निष्कर्ष

गुरुप्रसाद मैनाली आधुनिक नेपाली कथाको थालनीकर्ताका साथै आदर्शोन्मुख यथार्थवादी धाराका पनि आरम्भकर्ता हुन् । मैनालीका कथा सङ्ख्याका दृष्टिले धेरै नभए पनि गुणात्मकताका दृष्टिले स्तरीय रहेका छन् । सङ्ग्रहका रूपमा एघारवटा कथाहरू समेटिएको एउटामात्र कृति *नासो* प्रकाशित छ । उनका यी कथाहरू धेरथोर रूपमा आदर्शोन्मुख यथार्थवादी धारामा लेखिएका छन् । 'छिमेकी' सोही *नासो*मा सङ्गृहीत आदर्शोन्मुख यथार्थवादी कथा हो । यस कथाको थालनी समाजिक यथार्थबाट भएको छ भने अन्त्य आदर्शमा पुगेर भएको छ । कथाको थालनीदेखि मध्य भागसम्म आउँदा धर्मानन्द, गुमाने, धनजीते र आशामरु साहुले देखाएका व्यवहार र उनीहरूले लिएका विचारका कारण यो कथा सामाजिक यथार्थवादी बनेको छ भने अन्त्य भागतिर आइपुग्दा गुमाने र धनजीतेले देखाएका सामाजिक तथा मानवतावादी व्यवहारबाट कथा आदर्शतिर उन्मुख भई अन्त्य भएको छ । मूलतः झगडा भएका समयदेखि गुमानेका घरमा जान्ने बसाउँदा र उनकी श्रीमती बिरामी हुँदासमेत धनजीते गुमानेकहाँ नगएका प्रसङ्गसम्म कथा यथार्थवादी बनेको छ भने धनजीते र उनकी श्रीमती बिरामी भएपछि गुमानेले आफ्नो सोचाइ र व्यवहारमा परिवर्तन गरी बैगुनीलाई गुनले मार्न भनी धनजीतेकहाँ पुगेर उसको स्याहारसुसार गरेसँगै कथा आदर्शवादी बनेको छ । यस आदर्शका बिच आशामरु साहुले गुमानेलाई धनजीतेका बारेमा भनेका कुरा, भारी बोक्दा पैसा आउँछ भनी लोभ देखाएका कुरा र अन्य सन्दर्भबाट यथार्थको पाटो पनि सँगसँगै रहेकाले कथा केवल आदर्शवादी वा यथार्थवादी मात्र नबनी आदर्शोन्मुख यथार्थवादी बनेको छ । यस दृष्टिले प्रस्तुत कथा अन्य स्रष्टाका कथा र स्वयं मैनालीकै अन्य कथाहरूमध्ये 'छिमेकी' उत्कृष्ट कथाका रूपमा रहेको छ ।

## सन्दर्भसूची

गौतम, लक्ष्मणप्रसाद र अधिकारी, ज्ञानु (२०६९). *नेपाली कथाको इतिहास.* नेपाल प्रज्ञा-प्रतिष्ठान ।

जोशी, कुमारबहादुर (२०६६). *पाश्चात्य साहित्यका प्रमुख वाद.* पाँचौँ संस्क.. साझा प्रकाशन ।

प्रधान, कृष्णचन्द्र (२०५२). *नेपाली उपन्यास र उपन्यासकार.* तेस्रो संस्क.. साझा प्रकाशन ।

बराल, कृष्णहरि र एटम, नेत्र (२०५६). *उपन्यास-सिद्धान्त र नेपाली उपन्यास.* साझा प्रकाशन ।

मैनाली, गुरुप्रसाद (२०५१). *नासो.* चौधौँ संस्क.. साझा प्रकाशन ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६१). *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त.* विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, हरिप्रसाद (२०५९). *कथाको सिद्धान्त र विवेचन.* नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

श्रेष्ठ, दयाराम (२०७०). *नेपाली कथा र कथाकार.* नेपाल प्रज्ञा-प्रतिष्ठान ।